# सहकारी क्षेत्रमा क्षमता विकास : अभ्यास र आगामी कार्यदिशा

गणेश अर्याल
प्राचार्य
केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र

© 2000 Comtech Services, Inc.

# सहकारी:

- सहयात्रको प्रतिक...
- भविष्यको जोहो गर्ने पद्धति
- सानो बचत परिचालन गर्ने कारोवारिक तौरतरिका
- मन, विचार, व्यबहार, आवश्यकता र उद्देश्य मिल्नेहरूका वीचको संस्थागत अन्तर सम्बन्धको कसी  मात्र होइन

© 2000 Comtech Services, Inc.

योो त जीवन पद्धति हो, संस्कार, शैली र सुसंस्कृत अभ्यासको कसी हो ।

© 2000 Comtech Services, Inc.

# क्षमता विकासका आयामहरु...

**सुचनाः** सूचना व्यवस्थापन प्रणालीको प्रभावकारीता

© 2000 Comtech Services, Inc.

**सचेतनाः** सहकारी, सहकारीता र सहकारी प्रणाली एवं मूल्य र सिद्धान्तहरूको अनुशरण प्रति प्रतिबद्ध भई सहकारी संस्कृतिको निर्माणमा लाग्ने अभिप्रेरणा सृजना गर्न

© 2000 Comtech Services, Inc.

# तालिम:

सहकारी क्षेत्रमा आबद्ध व्यक्तिहरूमा ज्ञान, सीप एवं धारणाको बृद्धि र विकास गराउँदै समयको माग र आवश्यकता बमोजिम चल्न सक्ने सक्षम जनशक्तिको उत्पादन र व्यवस्थापन गर्न ।

© 2000 Comtech Services, Inc.

# शिक्षा:

संविधानले सहकारी क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण खम्बाको रूपमा मान्यता दिएको अवस्था, राष्ट्रिय सहकारी नीतिको मार्गदर्शन समेतको आधारमा देशमा सुशासनयुक्त सहकारी संस्कृतिको विकास गर्नका लागि राष्ट्रिय शिक्षा प्रणालीको अभिन्न अङ्गको रूपमा सहकारी क्षेत्रलाई स्थापित गराउन ।

© 2000 Comtech Services, Inc.

# प्रयास र प्रयत्नहरू:

- संस्थागत प्रयास
- नीतिगत
- कार्यक्रमिक पहल
- संघ संस्थाहरुको सुदृढीकरणमा टेवा

© 2000 Comtech Services, Inc.

# हासिल भएका उपलब्धिहरू:

- व्यवसायिक सोंचको विकास भएको छ
- नेतृत्व विकासमा टेवा पुगेको छ
- जागरण र अभिप्रेरणा सृजना
- योजना तथा व्यवस्थापन पद्धतिमा नयाँपन
- संस्थागत सुशासन कायम
- सहकारी व्यबहार र आचरण अवलम्बनमा सहयोगी

© 2000 Comtech Services, Inc.

# प्रमुख सवालहरू...

- के वर्तमान संरचना र प्रणालीले क्षमता विकासको वास्तविक मर्मलाई आत्मसात गर्न सकेको छ ?

- के शिक्षा, सूचना र तालिमको वर्तमान पद्धति प्रयाप्त छ ?

© 2000 Comtech Services, Inc.


- के विगतमा हामीले अवलम्वन र अभ्यास गरेको विधि र व्यवहारले सहकारी क्षेत्रको विकसित मान्यतालाई सम्बोधन गर्न सकेको छ ?

- क्षमता विकासको समग्र प्रणाली कति प्रभावकारी देखिएको छ ?

# अवस्था सन्तोषजनक देखिंदैन...


© 2000 Comtech Services, Inc.

# सहकारी संघ, संस्थामा आबद्ध जनशक्तिः





© 2000 Comtech Services, Inc.

# प्रशिक्षण तर्फ निकायगत जनशक्ति (कर्मचारी) संख्या :





© 2000 Comtech Services, Inc.

# तालिम प्रदायक सरकारी निकायहरुबाट बार्षिक रुपमा तालिम प्राप्त गर्ने सहकारीकर्मीहरुको संख्या :




© 2000 Comtech Services, Inc.

# प्रशिक्षण तर्फ निकायगत विनियोजित बार्षिक बजेट




© 2000 Comtech Services, Inc.

# जनशक्ति र तालिम प्राप्त गर्ने सहकारी कर्मी संख्या वीचको अनुपात

- प्रशिक्षण कार्यमा संलग्न कर्मचारी संख्या ५७ र एक वर्षमा तालिम प्राप्त गर्ने सहकारी कर्मीको संख्या २६५८ रहेको स्थितिमा हालको अनुपात **१ : ४६** देखिन्छ ।

| | | |
|---|---|---|
| कर्मचारी | : | तालिम प्राप्त गर्ने सहकारी कर्मी संख्या |
| १ | : | ४६ |

# जनशक्ति र तालिम प्राप्त गर्ने सहकारी कर्मी संख्या वीचको अनुपात

- तालिम दिने जनशक्ति संख्या ५७ र सहकारी संस्था संख्या २९५२६ रहेकोमा जनशक्ति र सहकारी संघ, संस्था वीचको अनुपात १ : ५१८ रहेको देखिन्छ ।

| कर्मचारी | : | सहकारी संघ, संस्था संख्या |
|---|---|---|
| १ | : | ५१८ |

© 2000 Comtech Services, Inc.

# हालको अवस्था र सम्पूर्ण सहकारी कर्मीलाई तालिम दिन लाग्ने समय

- एक वर्षमा तालिम प्राप्त गर्ने सहकारी कर्मी जम्मा संख्या २,६५८ रहेको छ ।

नेपालको सहकारी कर्मी कुल संख्या ४६,४७,२६७ रहेको छ । यस हिसाबले सबैलाई तालिम उपलब्ध गराउन १७४८ वर्ष लाग्ने देखिन्छ ।

| कुल संख्या / बार्षिक संख्या | लाग्ने समय |
| --- | --- |
| ४६,४७,२६७ / २६५८ | १७४८ वर्ष |

© 2000 Comtech Services, Inc.

# हालको तालिम तर्फ प्रति व्यक्ति लागत :

- बार्षिक बजेट रु.२,०७,१५०००।- बाट जम्मा २,६५८ जना सहकारी कर्मीलाई तालिम दिन सकिएको अवस्था छ । उपरोक्त बजेट र उत्पादित संख्या वीचको लागत अनुमानलाई हेर्दा बर्तमान मूल्यमा प्रति व्यक्ति रु.७,७९३।४५ लागत लागेको देखिन्छ

प्रति व्यक्ति लागत

७,७९३।४५

# सम्पुर्ण सहकारीकर्मीलाई तालिम दिनको लागि लाग्ने लागत :

- बार्षिक बजेट रु.२,०७,१५०००।- बाट जम्मा २,६५८ जना सहकारी कर्मीलाई तालिम दिन सकिएको अवस्थामा कुल सहकारी कर्मी ४६,४७,२६७ लाई तालिम दिन बर्तमान मूल्यमा जम्मा रु. ३६,२१,८२,६०,३१०।३० बजेट लाग्ने देखिन्छ ।

कुल आवश्यक बजेट — रु. ३६,२१,८२,६०,३१०।३०

© 2000 Comtech Services, Inc.

# सहकारी संघ, संस्था संख्या र जनशक्ति वीचको तालिम संचालन सेवा प्रवाह अनुपात :

| | |
|---|---|
| सहकारी संघ, संस्था संख्या | २९५२६ |
| सहकारी संघ, संस्थामा आवद्ध रहेको जनसंख्या | ४६४७२६७ |
| सहकारी विभाग अर्न्तगत जम्मा दरबन्दी | ५९४ |
| तालिममा परिचालित हुन सक्ने कर्मचारी संख्या सहायक कर्मचारी | ४१७ |

| | | |
|---|---|---|
| कर्मचारी | : | संघ संस्था |
| १ | : | ७० |

| | | |
|---|---|---|
| कर्मचारी | : | सहकारी कर्मी |
| १ | : | १११४४ |

© 2000 Comtech Services, Inc.

# समस्याका क्षेत्रहरु :

- सहकारी क्षेत्रमा आबद्ध हजारौंको जनशक्तिको तुलनामा सो जनशक्तिको क्षमता अभिबृद्धिका लागि सरकारी क्षेत्रमा स्थापित संरचना र जनशक्ति न्यून देखियो । यी दुईको वीचमा सन्तुलन नभएका कारण क्षमता विकाससँग सम्बन्धित कार्यक्रमहरू प्रभावकारी बन्न सकेनन् ।

© 2000 Comtech Services, Inc.

- प्रशिक्षण तथा क्षमता विकाससँग सम्बन्धित संस्था तथा क्रियाकलापहरू राज्यको प्राथमिकताको सूचीमा परेनन्, सदैव उपेक्षित रहे ।

- सहकारी क्षेत्रमा आवद्ध जनशक्तिको क्षमता विकास सँग सम्बन्धित कार्यक्रमका चरणहरुमा अभियानको सार्थक साझेदारी स्थापित गर्न नसक्दा अभियानले त्यस्ता कार्यक्रमहरुको स्वामित्व लिन सक्रियता देखाएन ।

**आफ्नो हिस्सेदारी नभएको संस्था र त्यसका क्रियाकलपाहरुप्रति अपनत्वको भावना जागृत हुँदैन ।**

- तालिम, प्रशिक्षणमा कार्यरत राष्ट्रसेवकको मनोवल र उत्प्रेरणा अभिबृद्धिमा ध्यान गएन । उनीहरूको retention सम्बन्धी स्पष्ट सोंच र दृष्टिकोण नहुँदा एकातर्फ कर्मचारीहरूको दक्षता अभिबृद्धि भएन भने बारम्बारको हेराफेरीले विशेषज्ञता विकास हुन सकेन र त्यस्को प्रभाव समग्र क्षेत्रमा परिरह्यो ।

© 2000 Comtech Services, Inc.

- तालिम विधि, पाठ्यक्रम, पाठ्य सामग्री तथा सहभागी छनौट प्रक्रिया इत्यादिमा स्पष्ट दृष्टिकोण र मापदण्डको कमीले गर्दा सञ्चालित कार्यक्रमको प्रभावकारीता देखिएन ।
- नेपालमा सरकारी क्षेत्रबाट सञ्चालित विभिन्न तालिम प्रदायक निकायहरूका बीचमा समन्वय हुन नसक्दा सञ्चालित कार्यक्रम कतै दोहोरो पर्न गएका त कतै तालिमको अभाव रहिनै रहने अवस्थाको अन्त्य गर्न सकिएन ।

© 2000 Comtech Services, Inc.

❖ साविकमा स्थापना गरिएका डिभिजन सहकारी कार्यालयहरूको ठूलो संख्या शासकीय सुधारका क्रममा कटौतीमा पर्दा स्थानीय माग र आवश्यकता मुताविक क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्न कठिनाई उत्पन्न भयो ।

- सहकारी क्षेत्रमा विभिन्न संस्थाले सञ्चालन गर्ने तालिम कार्यक्रमहरू एकांगी ढंगले चल्न पुगेकाले कार्यक्रमको एकीकृत स्वरुप बन्न सकेन । केन्द्र, क्षेत्रीय तहमा सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, राष्ट्रिय सहकारी विकास बोर्ड, राष्ट्रिय संघ एवं विषयगत संघहरुले सञ्चालन गरेका र गर्ने तालिम कार्यक्रमहरूका वीच समन्वय र सामञ्जश्यता नहँदा कार्यक्रममा प्रभावकारीता देखिएन ।

© 2000 Comtech Services, Inc.

- तालिम/प्रशिक्षणको कार्यमा आधुनिक प्रविधिको सदुपयोग गर्न सकिएन । त्यसले गर्दा प्रशिक्षण कार्यक्रमहरू परम्परागत जस्तै देखिए ।
- सहभागी छनौटको विधि/पद्धति वस्तुवादी भएन ।

© 2000 Comtech Services, Inc.

- तालिम आवश्यकता पहिचान तथा प्रभावकारीता मूल्याङ्कनको पाटो ओझेलमा पर्‍यो ।
- अनुसन्धान र विकासको पक्ष उपेक्षित रहन गयो । क्षमता विकास भनेको तालिम हो भन्ने Training Centred Approach ले क्षमता विकासको वास्तविक मर्मलाई आत्मसात गर्न सकेको देखिएन ।

- तालिम कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कनका लागि जिम्मेवार संयन्त्र भएन । मन्त्रालय, विभाग, केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र वा अन्य ?

# आगामी बाटो के हुन सक्ला ? ? ?

© 2000 Comtech Services, Inc.

- **Research**

- **Review**

- **Overhaul**

**Total Capacity Development, Plan, Policies, Program and Activities.**

- Government is to protect you when you can't protect yourself...

# राज्यको लगानीबाट सञ्चालित क्रियाकलापहरूमा

- प्रभावकारीता
- मितव्ययिता
- दक्षता input-output **देखिएन ।**

## क्षमता विकासका कार्यक्रमहरू :

- पहुँचयोग्य भएनन्
- आवश्यकतामुखी भएनन्
- प्रविधिमैत्री पनि भएनन्

© 2000 Comtech Services, Inc.

संस्थागत तथा वैयक्तिक तहमा जिम्मेवारी बाँडफाँडको पद्धतिसंगत अभ्यास नहुँदा उत्तरदायित्व, नतिजा तथा जवाफदेहिता परीक्षणको वस्तुगत आधारहरू किटान हुन सकेनन् ।

# भविष्यको बाटो :

1. Strategic Directions :

राज्यको काम तालिम कार्यक्रम चलाएर बस्ने हो वा सम्बद्ध सरोकारवालालाई सशक्तिकरण गर्ने हो ? स्पष्ट हुन जरुरी छ ।

अभियानले सकेन भने हामी त्यो काममा जानुपर्ने हो । अब त अवस्था यस्तो आयो हामी सकेनौं आइदेउ भन्नुपर्ने । आजपनि अभियानको तर्फबाट संस्थागत वा संयुक्त रूपमा विभिन्न कार्यक्रमहरू सञ्चालित छन् ।

© 2000 Comtech Services, Inc.

ती कार्यक्रमहरूलाई पृष्ठ र अग्रपोषण गर्नु पर्ने निकाय स्वयंले त्यस्ता संस्थाहरूको सक्षमतामा आश्वस्त हुन नसकी आफै विशेषज्ञ बन्न खोज्ने प्रवृत्तिले कस्तो नतिजा दिन सक्ला ?

© 2000 Comtech Services, Inc.

## २. संस्थागत जिम्मेवारी निर्धारण :

- क्षेत्रीय स्तरका प्रशिक्षण संस्थाहरूको भूमिका पुन:परिमार्जित गर्ने
- सहकारीको नियमन र प्रशिक्षण कार्यलाई पृथक-पृथक रूपमा स्थापित गराउने
- सरोकारवालाहरूको भूमिका पुन:परिभाषित गर्ने

## ३. सहकारी संस्थाहरूको वर्गीकरण गर्ने :

- क, ख, ग वर्गीकृत संस्थाहरूको प्रकृति, क्षमता अनुसार तालिमको व्यवस्था
- तत् तत् तालिम सञ्चालन गर्ने निकायको नियौंल

© 2000 Comtech Services, Inc.

## ४. केन्द्रीय सहकारी प्रशिक्षण केन्द्रको संरचना स्वरुप र भूमिका पुनरावलोकन गर्ने ।

### राष्ट्रिय सहकारी प्रतिष्ठानः

- सरकारी क्षेत्रमा कार्यरत जनशक्तिको दक्षता अभिबृद्धि
- सहकारी क्षेत्रको अध्ययन, अनुसन्धान र विकास
- देशभर सञ्चालित तालिम संस्थाहरूको वर्गीकरण
- तालिम कार्यक्रमको अनुगमन

© 2000 Comtech Services, Inc.

- नयाँ संस्थाहरूलाई तालिमको मान्यता (Accreditation)
- पाठ्यक्रम, प्रशिक्षण सामग्री तथा पाठ्य सामग्रीको प्रकाशन तथा अनुगमन
- संस्थागत समन्वय
- सीमित संख्यामा उच्च व्यवस्थापन तालिम सञ्चालन
- समग्र सहकारी क्षेत्रको श्रोतकेन्द्र

Centre of excellence

© 2000 Comtech Services, Inc.

# ५. क्षेत्रीय सहकारी प्रशिक्षण केन्द्रः

- मध्यम स्तरीय जनशक्ति उत्पादन
- प्रशिक्षण सामग्री प्रकाशन/वितरण
- सञ्चालित तालिम कार्यक्रमको अनुगमन
- क्षेत्रीय स्तरमा तालिम कार्यक्रमको समन्वय
- आफ्नो क्षेत्र अन्तर्गत सञ्चालित प्रशिक्षण कार्यक्रमहरूको समन्वय, सहजीकरण र सहयोग

## ६. डिभिजन सहकारी कार्यालयहरू :

सहकारी क्षेत्रको नियमन, अनुगमन, सुपरिबेक्षण र समग्र व्यवस्थापनमा केन्द्रीत

© 2000 Comtech Services, Inc.

## ७. अभियानः विषयगत जिल्ला संघ तथा केन्द्रीय संघहरू

- विषयगत संघहरूलाई संस्थाहरूको क्षमता विकासमा लाग्न उत्प्रेरित गर्ने
- सदस्य संस्था तथा एउटै प्रकृतिका अन्य संस्थाहरूलाई निश्चित कार्यक्रम र action plan का आधारमा प्रशिक्षण उपलब्ध गराउने
- मासिक प्रतिबेदनः जिल्ला संघहरूको हकमा सम्बन्धित क्षेत्रीय प्रशिक्षण केन्द्र तथा केन्द्रीय संघहरूले राष्ट्रिय सहकारी प्रतिष्ठानमा ।

© 2000 Comtech Services, Inc.

- जिल्लास्थित संघहरूले सम्बन्धित केन्द्रीय संघ मार्फत सरकारलाई प्रतिबेदन गर्ने व्यवस्था पनि लागू गर्न पनि सकिन्छ ।
- त्यस्ता तालिम/प्रशिक्षण कार्यक्रमको गुणस्तर परीक्षण, पाठ्यक्रम लगायतका विषयमा निर्णय गर्ने अधिकार प्रतिष्ठान लाई रहने व्यवस्था गर्दा प्रभावकारी हुने देखिन्छ ।

© 2000 Comtech Services, Inc.

## ८. साझेदारितामा सञ्चालन गर्ने तालिम कार्यक्रमहरू:

- कतिपय विशिष्ट प्रकृतिका तालिमहरू सम्बन्धित संघ (अभियान) र सरकारको साझेदारीमा समेत सञ्चालन गर्ने व्यवस्था गर्ने ।

© 2000 Comtech Services, Inc.

# ९. प्राविधिक र सीपमूलक तालिम

- राज्यका अन्य निकायहरू (CTEVT, घरेलु, श्रम) बाट सञ्चालित तालिम कार्यक्रमहरू साझेदारीमा सञ्चालन गर्ने । त्यस्ता तालिम कार्यक्रमको समन्वय प्रतिष्ठानको तहबाट वा विषयगत संघहरूको तहबाट गर्ने । दोहोरो खर्च नहुने गरी कार्यक्रम तर्जुमा गर्दाकै समयमा संयुक्त रूपमा आवश्यकता पहिचान गरी कार्यक्रम तर्जुमा र सञ्चालन समेत गर्ने व्यवस्था लागु गर्ने । यसका लागि मन्त्रालयले नीतिगत वातावरण र अन्तर मन्त्रालयगत समन्वयको व्यवस्था गर्ने ।

© 2000 Comtech Services, Inc.

१०. लोकसेवा आयोगले सञ्चालन गर्ने सबै तहको परीक्षा तथा नेपाल सरकारको आंशिक र पूर्णस्वामित्व भएका संस्थानहरूको परीक्षामा समेत सहकारीको विषयलाई समेट्न सकिएमा यसलाई आत्मसात गर्ने वातावरण निर्माण हुने जाने देखिन्छ ।

© 2000 Comtech Services, Inc.

११. सहकारी क्षेत्रमा दक्ष जनशक्ति विकास गरी सहकारी संस्कृति निर्माणका लागि विद्यालय तथा विश्वविद्यालय तहको पाठ्यक्रममा सहकारी विषयलाई समावेश गर्ने ।

© 2000 Comtech Services, Inc.

१२. चेतना अभिबृद्धि तथा जागरणका कार्यक्रमहरू सँगसँगै सञ्चालन गर्ने । सञ्चारका साधनहरूलाई यस प्रयोजनका लागि उच्चत्तम उपयोग गर्न सकिन्छ ।

© 2000 Comtech Services, Inc.

१३. उत्कृष्ट अभ्यासलाई समेटेर श्रव्य दृश्य सामग्रीहरूको उत्पादन, वितरण र विकासलाई अभिप्रेरित गर्ने । अवलोकन भ्रमणलाई व्यवस्थित गर्ने ।

# श्रोत व्यवस्थापन :

- माथि उल्लेखित कार्यक्रमका लागि सरकारले श्रोतको आंशिक व्यवस्था गर्ने
- सम्बन्धित संघहरूलाई आफ्नो आन्तरिक श्रोत पारदर्शी रूपमा क्षमता विकासको काममा सदुपयोग गर्ने वातावरण निर्माण गर्ने

© 2000 Comtech Services, Inc.

- प्रारम्भिक संस्थाहरूको योगदान र सरकारको नियमित बजेटबाट विषयगत संघ र राष्ट्रिय सहकारी प्रतिष्ठानको सञ्चालन खर्च व्यवस्थापन गर्न सकिन्छ । खास गरी वर्गीकृत संस्थाहरूको प्रकृति अनुसार क्षमता विकासका लागि निश्चित प्रतिशत रकम अनिबार्य रूपमा योगदान गर्नुपर्ने व्यवस्थापन गर्न सकिएमा कार्यक्रमको प्रभावकारीता रहने देखिन्छ ।

© 2000 Comtech Services, Inc.

- अनुगमन र मूल्याङ्कन: सञ्चालित क्षमता विकासको कार्यक्रमहरूको लागि केन्द्रीय स्तरमा प्रतिष्ठान, राष्ट्रिय सहकारी संघ र सहकारी विकास वोर्ड लगायतका संस्थाहरूको प्रतिनिधित्व रहने गरी केन्द्रीय प्रशिक्षण अनुगमन तथा मूल्याङ्कन समिति गठनको व्यवस्था गर्ने ।

© 2000 Comtech Services, Inc.

# यो प्रणालीलाई यदि अभ्यासमा लैजान सकियो भने :

- ❖ डिभिजन सहकारी कार्यालयहरू सहकारी क्षेत्रको नियमनमा केन्द्रीत रहनेछन्
- ❖ प्रशिक्षण केन्द्रहरू क्षमता विकासमा
- ❖ सहकारी विभाग अनुगमनकारी भूमिकामा
- ❖ राष्ट्रिय सहकारी प्रतिष्ठानले समग्र सहकारी क्षेत्रको अध्ययन, अनुसन्धान र विकासमा
- ❖ मन्त्रालय नीतिगत टेवाको भूमिकामा आफूलाई केन्द्रीत गर्ने वातावरण निर्माण हुनेछ भने
- ❖ सिंगो अभियान दह्रिलो साझेदारको रूपमा स्थापित हुने वातावरण निर्माण हुनेछ ।

© 2000 Comtech Services, Inc.

# त्यसको परिणाम:

- सहकारी संस्थाहरूलाई साहुकारी बन्नबाट रोक्न सकिनेछ
- अनुगमन अलमलमा पर्ने छैन
- संस्थागत विशिष्टीकरण कायम हुनेछ
- तालिम प्रदायक संस्थाहरूबाट उत्पादित जनशक्ति (तालिम प्रसाद, तालिम माया वा तालिम कुमारी होइन) ले परिवर्तित समयको माग र आवश्यकतालाई सम्बोधन गर्न सक्नेछ।
- संस्थाको आवश्यकता, अपेक्षित नतिजा र तालिमका वीच अन्तरसम्बन्ध स्थापित हुनेछ।

© 2000 Comtech Services, Inc.

- साक्षर होइन सक्षम जनशक्ति उत्पादन हुनेछ
- देशमा सुशासनयुक्त सहकारी संस्कृति निर्माणको जग बसाल्ने कार्यको सुरुवात हुनेछ
- यो अभियान हामी सबैको सार्थक पहलबाट मात्र सम्भव छ ।

# सबैलाई चेतना भया...

© 2000 Comtech Services, Inc.